आर्थिक वर्ष २०७५/०७६

बजेट तथा कार्यक्रम

बुढीगंगा गाउँपालिका

हात्तीमुडा, मोरंग

प्रदेश नं. १

२०७५

प्रस्तुत मिति २०७५असार १० गते आइतवार दिनको २ वजे

**आदरणीय सभाध्यक्ष महोदय तथा गाउँसभाका सदस्यज्यूहरु,**

१. सर्वप्रथम बुढीगंगा गाउँपालिकाको दोश्रो गरिमामय गाउँसभाको बैठकमा म बुढीगंगा गाउँपालिकाको उपाध्यक्षको तर्फबाट र गाउँपालिकाको तर्फवाट तथा मेरो व्यक्तिगत तर्फबाट सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्न चाहन्छु ।

२. यस शुभ अवसरमा म मुलुकको राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वधीनता, स्थायी शान्ति तथा समृद्धी र लोकतन्त्र प्राप्तीका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हृदय देखिनै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. आगामी आ.व.को बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान,गाउँपालिकाको नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्य, गाउँपालिकाको प्राथमिकताको कार्यक्रमहरु गाउँसभाका सदस्य ज्यूहरुले उजागर गर्नु भएको विषय र दिनु भएको सुझावहरुलाई मार्ग दर्शनका रुपमा लिएको छु । विभिन्न राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवि वर्ग निजि क्षेत्रका संघसस्था र देश विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुले दिनु भएको सुझावलाई समेत ध्यान दिएको छु ।

**४. "बुढीगंगाको मूल आम्दानी, पूर्वधार विकास तर्फ वातावरण क्षेत्रमा लगानी" गर्ने गरी बजेट तर्जुमा तथा कार्यक्रम पेश गरेको छु ।**

**आदरणीय अध्यक्ष महोदय तथा गाउँ सभाका सदस्य ज्यूहरु**

**५. अब म आ.ब. २०७४।७५ को प्रगति समिक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।**

क) आ.व.२०७४/०७५ मा आन्तरीक आय रु.३,१३,५४,०००। वित्तिय समानिकरणवाट रु १९,९१,७१,०००। सशर्त अनुदान रु.७,३०,८३,०००। एवं सामाजिक सूरक्षा कार्यक्रम अर्न्तगत रु.४,८१,००,०००। समेत गरि कुल रु ३५,१७,०८,०००। को कार्यक्रम सभावाट स्विकृत भएकोमा आन्तरिक आय तर्फ आर्थिक वर्षको अन्त्य सम्ममा रु २,००,००,०००। वित्तीय सामानीकरण तर्फ १९,७१,११,०००। सशर्त अनुदान तर्फ ८,५९,१७,०००। तथा सामाजिक सुरक्षा तर्फ ५,०२,४७,०००। गरि जम्मा ३५,३२,७५,०००। खुद आम्दानी हुने देखिएको छ । माथी उल्लेखित संसोधित बजेट आ.वा.को अन्त्य सम्म खर्च भैसक्ने अनुमान गरेको छु ।

ख) आ.व.२०७४/०७५को जेष्ठ मसान्त सम्म चालु खर्च रु. ३,०४,०१,३३२.५३, पुजिगत खर्च रु. १०,९७,८३,९२२.७४ तथा सामाजिक सूरक्षा कार्यक्रम खर्च रु. ३,२८,४६,८००। र शसर्त अनुदान तर्फ रु ८,१६,९५,५६०। गरि कुल जम्मा रु २५,४७,२७,६१५.२७ खर्च भएको कुराको जानकारी गराउन चाहन्छु ।
सभाध्यक्ष महोदय

अब म यस गाउँपालिकाको आ.व. ०७५।७६ को उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**यस बजेटका उद्देश्यहरु यस प्रकार हुनें छन् :**

क)भौतिक पूर्वाधार ,गाउँपालिकाको जनताको खानेपानी, स्वास्थ्य तथा शिक्षामा सुधार गर्दै गरिवि न्युनीकरण गरी जीवनस्तर सुधार गर्न न्युनतम आधारभुत आवश्यक्ता पुरा गर्ने ।

ख) संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको महत्तम परिचालन गर्दै गाउँपालिका भित्र रहेका आन्तरीक श्रोत साधन, राजस्वको पहिचान र परिचालन गरी गाउँपालिकाको आर्थिक समृद्धी हासील गर्ने ।

ग) संघीय तथा प्रदेश सरकारवाट सहकार्य तथा साझेदारी गरी भौतिक तथा सामाजिक पूर्वाधार तयार गर्ने ।

**आर्थिक वर्ष ०७५।७६ का बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गरेको छु ।**

- भौतिक पूर्वाधार अन्तर्गत सडक कालोपत्रे तथा स्तर उन्नती गरिने ।
- गुणस्तर युक्त शिक्षा, स्वास्थ्य, खानेपानीमा लगानी गर्ने ।
- कृषि तथा उद्योगमा जोड दिने ।
- सुशासन तथा क्षमता विकास गर्ने ।

नयाँ नेपाल निर्माणको ऐतिहासिक चरण अन्तर्गत मुलुकमा स्थाई सरकार निर्माण भई अहिले हामी संविधानको सर्वस्वीकार्यता सगै कार्यान्वयनको चरणमा छौ । नेपालको राजनैतिक कालखण्डमा सधै चर्चामा रहेको मोरंग जिल्लामा रहेको यस गाउँपालिका विविध सम्भावना बोकेको क्षेत्र हो । मोरङ जिल्ला, विराटनगर महानगरपालिकासँग उत्तरी सीमाना जोडिएको यस गाउँपालिकाको केन्द्र हात्तिमुडा विराटनगरदेखि ५ किलोमिटरको उत्तर दूरीमा पर्दछ । यो स्थानीय तह पुन:संरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार साविक टंकीसिनुवारी, हात्तीमुडा, शिशवनी बडहरा र डंग्राहा गाउँ विकास समितिका सम्पूर्ण वडाहरूलाई मिलाएर वि.सं. २०७३ फाल्गुण २७ गतेमा ७ वटा वडा कायम गरी निर्माण गरिएको हो । प्रदेश नं. १ को राजधानी विराटनगर नजिकै रहेको यस गाउँपालिकालाई आर्थिक, सामाजिक, औद्योगिक तथा वातावरणीय दृष्टिकोणवाट नमूनाको रुपमा विकास गर्न सकिने प्रवल सम्भावनाहरु रहेका छन् । तराईका हरिया फाँटहरु रहेको यस क्षेत्रमा कृषि, उद्योग र पर्यटनलाई नमूनाको रुपमा विकास गरी समग्र गाउँको गन्तव्यविहिन विकासको यात्रामा पूर्ण विराम लगाउँदै दीगो र दीर्धकालिन विकास र रणनीति साथ आगामी आ.व. देखि स्पष्ट मार्गचित्र सहितको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनिय योगदान हुने सम्भावना देखेको छु, जसको लागि गाउँको आर्थिक विकास योजना बनाई आगामी दिनमा अगाडि वढाइनेछ । यसका साथ साथै आगामी दिनहरुमा समग्र गाउँपालिकाको एकिकृत योजना तयार गरी स्पष्ट लक्ष्य र उद्देश्यका साथ

परिणाममुखी भई अगाडि वढ्न आफू प्रतिवद्ध रहेको व्यहोरा यस सम्मानित सभामार्फत समग्र गाउँबासीमा प्रतिवद्धता जाहेर गर्न चाहन्छु ।

**अध्यक्ष महोदय तथा सभाका सदस्यज्युहरु,**

**अब, म यस गाउँपालिकाको आगामी आ.व. २०७५/२०७६ को बिषय क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**"बुढीगंगाको मूल आम्दानी, पूर्वाधार विकास तथा वातावरण क्षेत्रमा लगानी" अर्न्तगत निम्न निति तथा कार्यक्रमहरुमा बजेट विनियोजन गरेको छ ।**

## पूर्वाधार विकास:

१. आगामी आ.ब.मा गाउँपालिकाभित्र रहेका प्रत्येक वडामा कम्तीमा १ वटा सडक कालोपत्रे गर्ने कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२. गाउँपालिकाको हरेक वडाबाट राष्ट्रिय राजमार्ग तथा छिमेकी स्थानीयतहको मूल सडकहरु सम्म जोडने ग्रामिण सडकहरुको स्तरउन्नती, आकस्मिक मर्मत तथा विस्तार गर्ने कार्यलाई उच्च प्राथमिकता दिई रकम विनियोजन गरेको छ ।

३. आगामी ५ बर्ष भित्र प्रत्येक वडामा १–१ वटा सामुदायिक भवन निर्माण गर्ने नीति अन्तर्गत चालु आ.ब.मा कम्तीमा १ वटा सामुदायिक भवन निर्माणको शुभारम्भ गरिने छ ।

४. जनसंख्याको चापलाई मध्य नजर गर्दै सडक दुर्घटनालाई न्युनिकरण गर्न टंकी चौकमा आकाशे पुल निर्माणको सम्भाव्यता अध्ययन गरिने छ साथै दिर्घकालिन महत्वका पूर्वाधारजन्य आयोजनाहरुको अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गरी कार्यान्वयनको प्रकृया अगाढी वढाउन आवश्यक बजेटको व्यवस्था गरेको छ ।

५.गाउँपालिका, सामुदायिक विद्यालय तथा विषयगत कार्यालयको पूजिगत संरचना निर्माण तथा मर्मतका लागि बजेट विनियोजन गरेको छ ।

६.संघीय तथा प्रादेशिक सरकारको सहयोगमा नदि कटान नियन्त्रण तथा तत्वन्धन कार्यलाइ अगाडी वढाईने छ । गाउँपालिकाको पूर्वतर्फ रहेका सिंगियाखोला तथा पच्छिममा रहेकोका बुढीखोलाको किनारमा तारजाली व्यवस्थापन र वृक्षा रोपन गरिने छ ।

७.वनरझुला देखि डग्राहा हुदैं ग्रामथान सडकका लागि प्रदेश सरकारवाट प्राप्त हुने कार्यक्रमका लागि प्रस्ताव गरिएको छ ।

८ पूर्वाधार विकास तर्फ माथिका कार्यहरुमा कूल रु १० करोड ३९लाख ९४हजार विनियोजन गरेको छ ।

## वातावरण:

७. **हाम्रो बुढीगंगा उज्यालो बुढीगंगा** कार्यक्रम अर्न्तगत गाउँपालिका भित्रका मुल सडकहरुमा सौर्यवत्ती जडान तथा ग्रामिण विद्युतिकरणलाई अभियानको रुपमा अगाडी वढाईने छ ।

८.आगामी आ.ब. भित्र यस गाउँपालिकालाई खुल्ला दिशामुक्त गाउँपालिका घोषण गर्ने अभियानलाई उच्च प्राथमिकतामा राखि रकम विनियोजन गरेको छ ।

९. जथाभावी फोहर फाल्नेलाई कारवाही गर्नुका साथै प्लाष्टिक जन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गर्न सचेतनामुलक कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था गरेको छ र चालु आ.ब.मा ल्याण्डफिल्ड साईड लागि सम्भाव्यता अध्ययन गरिने छ ।

आलचन्द्र माझी
अध्यक्ष

१०.अस्पताल,उद्योग,होटल तथा अन्य ठूला प्रतिष्ठानहरुबाट निष्कने फोहरमैलालाई सुरक्षित ढङ्गले व्यवस्थापन नगर्ने संस्थाहरुलाई कारबाहीको दायरामा ल्याइनेछ ।

११.निजि क्षेत्र समेतको सहकार्यमा सार्वजनिक शौचालय निर्माण गरिने छ ।

१२.भवन तथा घर निर्माण गर्दा कम्तिमा २ वटा फलफूलका विरुवा अनिवार्य रुपमा लगाउन पर्ने व्यवस्था गरिने छ ।

१३. राष्ट्रिय ग्रामिण तथा नविकरणिय उर्जा कार्यक्रम अर्न्तगत सुधारिएको चुलो जडान, सौर्य उर्जा प्रविधि जडान तथा बायोग्यास जडान गर्न आवश्यक वजेट विनियोजन गरेको छ ।

१३.माथि उल्लेखित कार्यक्रमहरुका लागि जम्मा रु ७५ लाख ९५हजार विनियोजन गरेको छ ।

**ख) स्वास्थ्य तथा सामाजिक विकास :**

१) यस गाउँपालिकामा बसोवास गर्ने सबै जात समुदायहरुको उच्च सम्मान गर्दै आदिवासी जनजातीहरुको बसोवास भएको यस गाउँपालिकामा रहेका सबै समुदायको भाषा,संस्कृती कला साहित्य तथा विशिष्टताको जगेर्ना,संरक्षण तथा संर्वद्धनका लागि आवश्यक रकम विनियोजन गरेको छु । साथै थारु समुदायबाट संचालित हुने होमस्टेलाई प्रोत्साहन गरिनेछ ।

२) अनलाईन व्यक्तिगत घटना दर्ता र जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा कार्यलाई सबै वडामा विस्तार गर्न रकम विनयोजन गरेको छु साथै सार्वजनिक सेवा तथा क्षमता विकास कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

३) लक्षितवर्गका कार्यक्रम र सशक्तिकरण तथा वाल मैत्री कार्यक्रम र बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न विनयोजन गरेको छु ।

४) सबै वडाका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार सुदृढ गर्ने, आमा तथा नवजात शिशुहरुको स्वास्थ्यमा सुधार ,स्वास्थ्य विमा कार्यक्रमलाई प्राथमिकतामा राखेको छु । संघीय तथा प्रदेश सरकारको सहयोगमा स्वास्थ्य संस्थामा नियमित औषधी आपूर्ति लगायतका स्वास्थ्य कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न आवश्यक रकम बिनयोजन गरेको छु ।

५.गाउँपालिमाका प्रत्येक वडामा स्वास्थ्य संस्था विस्तार गरिने छ साथै स्वास्थ्य संस्थामा नियमित रुपमा गर्भजाँच गराई ३५ दिन भित्र जन्म दर्ता गराउने आमालाई शिशु स्याहार खर्च दिन रकम विनियोजन गरेको छु

६) **"गाउँपालिकाको समृद्धीको आधार,गाउँबासीको स्वच्छ खानेपानीमा अधिकार "** अन्तर्गत खानेपानी आयोजनाको मर्मत सम्भार तथा कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु ।

७) विपद् व्यवस्थापन, लागु पदार्थ दुर्व्यसनी, महामारी तथा सक्रमीत रोगहरुबाट बचाउन जनचेतना मुलक कार्यक्रम संचालन गर्नको लागि आवश्यक रकम बिनयोजन गरेको छु ।

८) गाउँसभाका पदाधिकारी तथा कर्मचारीहरुको निशुल्क स्वास्थ्य विमा गरिने छ ।

९. माथि संन्चालित स्वास्थ्य सम्वन्धि कार्यकमका लागी रु २ करोड ४६ लाख ९८ हजार , महिला क्षमता विकास सम्वन्धि कार्यकमका लागी ३९ लाख ७६ हजार , खानेपानी तर्फ ४४ लाख ५० हजार , खोजतथा अनुसन्धानका लागी २ लाख र सामाजिक विकास तथा संघसंस्थागत अनुदानको अन्य कार्यकममा ९२ लाख ५८ हजार गरी कुल जम्मा स्वास्थ्य तथा सामाजिक विकास तर्फ रु ४ करोड २५ लाख ८२ हजार विनियोजन गरेको छु ।

बालचन्द्र माझी
अध्यक्ष

ग) शिक्षा,युवा तथा खेलकुद :

शिक्षा तर्फ :

१. **"बिद्यालय पठांउ सबै बालबालिका, बनाउ पूर्ण साक्षर गाउँपालिका"** अर्न्तगत पूर्ण साक्षर गाउँपालिका घोषणालाई अभियान रुपमा अगाडी बढाईने छ ।

२. शिक्षाबाट बन्चित रहेका प्रत्येक बालबालिकालाई शिक्षामा पहुचँ पुर्‍याउन विद्यालय भर्ना अभियानलाई प्रोत्साहित गर्न  बजेट विनियोज गरेको छु ।

३.गाउँपालिका भित्र रहेका प्रत्येक सामुदायिक विद्यालयहरुलाई बालमैत्री विद्यालयको रुपमा विकास गर्ने गरी नविनतम प्रविधिमा आवद्ध गराउन बजेटको व्यवस्था गरेको छु ।

४ यस गाँउपालिको वडा नं.१ मा रहेको नरग्राम उच्च मा.वि लाई यस क्षेत्रकै नमुना विद्यायालयका रुपमा विकास गर्नका लागी आवश्यक वजेट विनियोजन गरेको छु ।

५. सामुदायिक विद्यालयमा अध्ययन गरि माध्यमिक तथा उच्च शिक्षा तर्फ उत्कृष्ठ नतिजा ल्याउने छात्रछात्रा शिक्षक तथा विद्यालयलाई बार्षिक रुपमा पुरस्कृत गर्नका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

६. शिक्षा तर्फ कुल  रु १० करोड ५६ लाख ६६ हजार विनियोजन गरेको छु ।

युवा तथा खेलकुद तर्फ :

१. गाँउपालिका भित्र नविनतम व्यवसायिक सोच भएका युवाहरुलाइ निजि क्षेत्रसमेतको सहयोगमा व्यवसाय स्थापना गर्नका लागि स्टार्ट अप फण्ड स्थापना गरिनेछ ।

२.गाँउपालिका भित्र रहेका युवाहरुलाइ आत्मनिर्भर बनाउनकालागी सिपमुलक तालिम दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

३. गाँउपालिका भित्र खेलकुद सामग्रीको व्यवस्था गर्नुका साथै गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताको आयोजना गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

४. निजी क्षेत्रको सहकार्यमा अर्न्तराष्ट्रिय कवड्डी प्रतियोगिता संञ्चालन गर्नका लागी बजेट विनियोजन गरेको छु ।

५. युवा तथा खेलकुद तर्फ कुल रु २७ लाख विनियोजन गरेको छु ।

घ) आर्थिक विकास

कृषि:

बालचन्द्र माझी
अध्यक्ष

१. साना किसान तथा कृषि समुहलाई व्यवसायि करण गर्न, मलबिउ, औषधी उपकरण उपलब्ध गराइने छ ।
२. माछापालन, माटो परिक्षण तथा सुधार सेवा कार्यक्रम अन्तर्गत कृषि चुन वितरण गरिनेछ ।
३. प्राङ्गारीक खेती प्रवर्धन गर्न, तरकारी खेती, फलफूल उत्पादन र व्यवस्थापनका लागि कार्यक्रम संचालन गरिनेछ ।
४. गाउँपालिका भित्र लाग्ने हाट बजार व्यवस्थापन गर्न संभावित क्षेत्रको पहिचान गरिनेछ ।
५. सहकारी खेती, समुहगत सिचांई र साना सिचाईलाई प्रोत्साहन गर्न बजेट विनयोजन गरेको छु ।
६. स्थानिय कृषकलाइ जिविको पार्जन कृषी पेशाबाट व्यवसायिक बनाउनका लागी गाँउपालिका भित्र कृषक पाठशाला संचालन गरिनेछ ।
७. माथि उल्लेखित कार्यकमकालागी रु ६४ लाख २२ हजार विनियोजन गरेको छु ।

पशु:
१. कृतिम गर्भधारण तथा नस्ल सुधार कार्यक्रम संचालनका लागि बजेट विनियोजन गरेको छु।
२. व्यवसायीक रुपमा पशुपालन गर्ने कृषकहरुलाई उत्प्रेरित गर्न गोठ सुधार कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
३.कृषकहरुलाई व्यवसायिक बनाउन आवश्यक तालिम संचालन गरिने छ ।
४. माथि उल्लेखित कार्यकमका लागी ३३ लाख ६७ हजार विनियोजन गरेको छु ।

**उद्योग तथा पर्यटन :**

१. सिप मुलक तालिम, तथा घरेलु उद्यम, उद्योग स्थापना संचालन र सहजिकरण गरी युवा रोजगारी सृजना गर्न

२. उद्योगमा काम गर्ने कर्मचारीहरुका लागि अनिवार्य रुपमा परिचय पत्र लागु गरि जारी गर्ने तथा कामदारहरुको स्वास्थ्य बिमाको सम्बन्धमा उधोगपतिहरुसँग अर्न्तकृया तथा छलफलका लागि आवशयक व्यवस्था गरिने छ।

३.समुदाय तथा उधोग बिच सम्बन्ध स्थापित गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिने छ । उद्योगहरुलाई आवशय सुरक्षा प्रदान गर्न सरोकारवाला निकायहरुसँग सहकार्य गरिने छ ।

४. राष्ट्रिय नीतिअनुसार उधोगहरुले आफ्नो आम्दानीको १ प्रतिशत सामाजिक उत्तरयीत्वमा खर्च गर्ने व्यवस्था रहेकोमा सो बापत प्राप्त हुने रकमको व्यवस्थापन गर्न उद्योगका प्रतिनिधि तथा गाउँपालिकाका प्रतिनिधिको सहभागितामा आवश्यक नीति बनाई लागु गरिने छ । सो नीति नबने सम्मका गाउँपालिकाको छुट्टै खाता खोलि उक्त रकम जम्मा गरिने व्यवस्था मिलाईने छ ।

५.उद्योगको फोहोरमैला व्यवस्थापन सहजिकरण, गाउँपालिका र उद्यमी बिच नियमित अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ ।

बालचन्द्र मांझी
अध्यक्ष

६. आन्तरिक पर्यटन प्रवर्द्धन गर्न गाउँसभाका सम्पूर्ण सदस्यहरुलाई बार्षिक रुपमा रु ३६,०००। एकमुष्ठ सुविधा उपलब्ध गराउन रु १४,४०,०००। विनियोजन गरेको छु । सो रकम भुक्तानि लिन सदस्यहरुले भ्रमणको प्रतिवेदन वनाई पेश गर्नु पर्ने छ ।

७. पर्यटन तर्फ रु ४७ लाख ४० हजार विनियोजन गरेको छु ।

**आर्थिक विकास अर्न्तगतका माथिका घोषित कार्यक्रम संचालनका लागि कुल रु १ करोड ४२ लाख ८९ हजार विनियोजन गरेको छु ।**

(ङ) अन्य कार्यक्रमहरु

१.गाउपालिका क्षेत्र भित्रका सरकारी तथा ऐलानी जग्गा व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरेको छु ।

२.सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास कार्यक्रम संचालन गरी गुणस्तरीय सेवाप्रवाह प्रवाह्वको व्यवस्था मिलाएको छु ।

३. कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी पद अनुसारको कार्यविवरण वनाई लागु गर्ने तथा सोहि आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्दै कामको आधारमा दिईदै आएकी प्रोत्साहन भत्तालाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

४. सूचना प्रवाह तथा चौमासिक रुपमा पत्रकार भेटघाट गरिने छ । सार्वजनिक सुनवाई कार्यक्रमहरुको आयोजना गर्नुका साथै कार्यालयको सूचना पाँटि तथा वेबसाईटमा नियमित रुपमा राख्ने व्यवस्था मिलाईने छ ।

५. आगामी आ.व.मा गाउँपालिकाको पार्श्वचित्र तयार गरिने छ ।

६.धार्मिक पूजा तथा मठ मन्दिर व्यवस्थापनमा रु १० लाख

७.सामाजिक संघ संस्थागत अनुदान रु १० लाख

८. अन्य कार्यकम तर्फ १ करोड २३ लाख ९२ हजार विनियोजन गरेको छु ।

(च) प्रर्वद्धनात्मक कार्यकम अर्न्तगत रु १ करोड १६ लाख ४० हजार विनियोजन गरेको छु ।

(छ) मर्मत सम्भारका लागी २० लाख विनियोजन गरेको छु ।

(ज) सवारी साधान खरिदका लागी रु ६५ लाख विनियोजन गरेको छु ।

(झ) चालु खर्च तर्फ रु ६ करोड खर्च हुने प्रस्ताव गरेको छु ।

सभाध्यक्ष महोदय

अब म माथिका विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र श्रोत परिचालनको अनुमान पेश गर्न चाहन्छु ।

आदरणीय सभाध्यक्ष महोदय,

- गाउँपालकाले लिएको अगामी बर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न कुल रु ३७ करोड ९लाख ९८ हजार बजेट विनियीजन गरेको छु । कुल विनियोजन मध्ये रु ६ करोड चालु खर्च, रु ३१ करोड ९ लाख ९८ हजार पुजिगत खर्चमा विनियोजन गरेको छु ।



बालचन्द्र माझी
अध्यक्ष

- आगामी आर्थिक बर्षका लागि विनियोजन गरिएको खर्च व्यहोरिने श्रोतहरु मध्ये संघीय सरकारको वित्तिय समानीकरण अनुदान रु १३ करोड ११ लाख , सशर्त अनुदान तर्फ रु ११ करोड ७० लाख,राजश्व बाँडफाँटबाट रु ७ करोड ९ लाख ५८ हजार , प्रदेश सरकारको वितिय समानीकरण अनुदान रु ३७ लाख ८३ हजार ,सशर्त अनुदान रु १ करोड तथा सवारी साधन करको राजश्व बाँडफाँटबाट रु ५६ लाख ५७ हजार गरी कुल जम्मा रु ३३ करोड ८४ लाख ९८ हजार प्राप्त हुने व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । माथिका खर्चहरुमा रु ३ करोड २५ लाख न्युन हुने हुदाँ सो रकम आन्तरीक राजश्व परिचालनबाट पूर्ति हुने गरि प्रस्ताव गरेको छु ।
- आन्तरिक राजश्व परिचालनलाई प्रभावकारी बनाउन राजश्व परिचालन सम्वन्धि कार्यक्रमहरु संचालन गरिने छन् ।
- सवै करदाताहरुलाई कर भुक्तानि गर्न उत्प्रेरित गरिने छ ।
- आ.व.०७४।७५ सम्म भुक्तानि गर्नु पर्ने सवै प्रकारका राजश्व रकम २०७५ साल साउन महिना भित्र भुक्तानि गरेमा लाग्ने जरिवाना रकममा ७५ प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।
- सम्पत्तिकरको रुपमा साविक देखि लिईदै आएको घर जग्गा कर ऐन,२०१९ बमोजिमको घरजग्गा कर आ.व.०७५।७६ मा गाउँपालिका भरि लागु हुनेगरि प्रस्ताव गरेको छु ।
- व्यवसाय कर तथा घरजग्गा कर (सम्पत्तिकर) भुक्तानि को सिमा २०७५ पौष मसान्त कायम गरिएको छ । साथै २०७५ असोज मसान्त सम्म भुक्तानि गरेमा बुझाउन पर्ने रकममा १० प्रतिशत,मंसिर मसान्त सम्म बुझाउनेलाई ५ प्रतिशत छुट दिने प्रस्ताब गरेको छु । त्यसै गरि २०७५ माघ १ देखि चैत्र मसान्तसम्म भुक्तानि गर्नेलाई थप ५ प्रतिशत र २०७६ बैशाख १ देखि असार मसान्तसम्म बुझाउनेलाई थप १० प्रतिशत जरिवाना लिने प्रस्ताव गरेको छु ।
- करका दरहरुमा सामान्य हेरफेर गरिएका छन जसलाई अनुसूचिमा प्रस्तुत गरेको छु ।
- गाउँपालिका तथा अन्य निकायबाट प्राप्त योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुदाँ सम्वन्धित वडा कार्यालयलाई अनिवार्य जानकारी गराउन व्यवस्था मिलाएको छु ।
- वडा सिलिङबाट कट्टा भएको मर्मत सम्भारको रकम सम्वन्धित वडालाई नै खर्च गर्ने गरि व्यवस्था मिलाउने ।
- यस गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी वनाउन केन्द्रको स्वीकृत दरबन्दीका अत्तिरिक्त गाउँपालिकाको आन्तरिक आम्दानीबाट खर्चहुने गरी सिभिल इन्जिनियर १ जना,सूचना प्रविधि अधिकृत १ जना ,सव ईन्जिनियर १ जना ,अमिन १,सहायक कम्प्युटर अपरेटर २ जना स्वीपर ३ जना कार्यालय

सहयोगी ११ जना सवारी चालक ३ जना थप दरबन्दी स्वीकृत गरी आवश्यक प्रकृया अपनाई सेवा करारमा लिने प्रस्ताव गरेको छु ।

- चालु आ.ब.मा रकम विनियोजन भई कार्य सुचारु नभई रहेका पूर्वाधार जन्य ५० हजार भन्दा माथिका योजना तथा कार्यक्रमका रकमहरु आगामी आ.ब.मा संचालन हुने गरि निरन्तरता दिने प्रस्ताव गरेको छु ।

मिति २०७५ असार १० गते बुढीगंगा गाउँपालिकाका उपाध्यक्ष श्री अमृता कुमारी गच्छदार द्वारा प्रस्तुत भई मिति २०७५ असार १४ गतेको गाउँसभाबाट पारित आ.ब. २०७५।७६ को बुढीगंगा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम गाउँपालिकाका अध्यक्ष श्री बालचन्द्र माझीबाट प्रमाणित भएको ।

मिति २०७५।०३।१४ गतेको गाउँसभाबाट पारित भएअनुसार प्रमाणिकरण गर्दछु ।

२०७५।३।२५

बालचन्द्र माझी

अध्यक्ष

मिति :२०७५ असार २५ गते सोमवार